नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर।

९७७-०१-५५२१३५९
९७७-०१-५५२६२७६
इमेलः sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np

प.सं. : सचिवालय/०७८/०७९
च.नं. 622

मितिः-२०७९/२/१२

**विषयः उजुरी/गुनासो पेश गर्ने सम्बन्धमा ।**

श्री बुढानिलकण्ठ नगरपालिका, काठमाण्डौ ।
श्री किर्तीपुर नगरपालिका, काठमाण्डौ ।
श्री चन्द्रागिरी नगरपालिका, काठमाण्डौ ।
श्री कागेश्वरी मनहरा नगरपालिका, काठमाण्डौ ।
श्री गोकर्णेश्वर नगरपालिका, काठमाण्डौ ।
श्री शंखरापुर नगरपालिका, काठमाण्डौ ।
श्री टोखा नगरपालिका, काठमाण्डौ ।
श्री ललितपुर महनगरपालिका, ललितपुर।
श्री महालक्ष्मी नगरपालिका, ललितपुर ।
श्री गोदावरी नगरपालिका, ललितपुर ।
श्री मध्यपुर ठिमी नगरपालिका, भक्तपुर ।
श्री सूर्यविनायक नगरपालिका, भक्तपुर ।
श्री चाँगुनारायण नगरपालिका, भक्तपुर ।

DY-28 जातको धानबालीमा दाना नलागेका कारण काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाका स्थानीय तहहरुका कृषकहरुले क्षति व्यहोर्नु परेको व्यहोरा विदितै छ । तहाँ स्थानीय तहहरुमा विभिन्न बिक्रेताहरुबाट वितरण भएको उक्त जातको धानको बीउको प्रयोगशाला परीक्षण गर्दा उपरोक्त बीउ बिजन उक्त जात नभएको, साथै उक्त जात मध्यपहाडी क्षेत्रको लागि सिफारिस समेत नभएकोले DY-28 जातको बीउको बिक्री वितरणमा संलग्न बिक्रेताहरुले बीउ बिजन ऐन, २०४५ को दफा १३.२ विपरित कार्य गरेको देखिन आएकोले यस सम्बन्धमा उक्त जातको धान बीउको बिक्री वितरणमा संलग्न बिक्रेताहरुलाई बीउ बिजन ऐन, २०४५ को दफा १९ को उपदफा १९.३ बमोजिम कारवाही प्रक्रिया अघि बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. गोविन्द प्रसाद शर्माज्यूको अध्यक्षतामा मिति २०७८/१२/३० मा बसेको राष्ट्रिय बीउ बिजन समितिको बैठकबाट DY-28 जातको धानको बीउको बिक्री वितरणमा संलग्न बीउ व्यवसायीको प्राप्त विवरणका अलावा प्रभावित किसानहरुको गुनासो दिने/लिने व्यवस्था मिलाउन निर्देशन भए अनुरुप तहाँ स्थानीय तहका प्रभावित कृषकहरुबाट आफूलाई DY-28 जातको धानको बीउ उपलब्ध गराउने बिक्रेताको नाम, ठेगाना र बीउ खरिद परिमाण समेत उल्लेख गरी प्रभावित कृषकबाट यथासिघ्र यस केन्द्रमा उजुरी/गुनासो हुने व्यवस्थाको लागि आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ । साथै, राष्ट्रिय बीउ बिजन समितिको मिति २०७८/१२/३० मा बसेको बैठकको यससँग सम्बन्धित निर्णय प्रतिलिपि समेत यसै साथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछु ।

२०७९/२/१२

बेनु प्रसाद प्रसाई
प्रमुख(रा.प.प्र.प्रा.)

**बोधार्थ**
श्री कृषि ज्ञान केन्द्र
ललितपुर : स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहजीकरणका लागि ।